# धनकौल गाउँपालिकाको एघारौं गाउँसभामा
# गाउँ कार्यपालिकाद्वारा प्रस्तुत
# आ.व. २०८०/८१ को
# निति, कार्यक्रम तथा बजेट

धनकौल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धनकौल प.,सर्लाही

मधेश प्रदेश,नेपाल

# धनकौल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धनकौल प.,सर्लाही

एघारौं गाउँ सभामा गाउँपालिका अध्क्षय श्री राम आश्रय साह ज्यूद्धारा प्रस्तुत आ.व २०८०/०८१ को नीति तथा कार्यक्रम

मितिः-२०८० अषाढ १० गते
आईतवार

एघारौं गाउँ सभाको उद्‌घाटन शत्रका सभा अध्यक्ष ज्यू,

यस सभामा पालनु भएका प्रमुख अतिथी मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय श्री बिरेन्द्र प्रसाद सिंह ज्यू,

विशिष्ट अतिथी ज्यूहरु

धनकौल गाउँपालिका उपाध्यक्ष श्री अकली सहनी ज्यू,

कार्यक्रममा उपस्थित वडा अध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु,

गाउँसभा सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत अर्न्तगतका विभिन्न कार्यालयबाट पाल्नु भएका कार्यालय प्रमुख ज्यूहरु,शाखा प्रमुख ज्यूहरु

धनकौल गाउँपालिका कार्यालय तथा अर्न्तगतका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,

संचारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु लगायत यस सभामा उपस्थित सम्पुर्ण राजनैतिक दलका प्रतिनिधी, समाजसेवी, अतिथी, समाजिक अभियन्ता तथा महानुभावहरु

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१को बार्षिक नीति तथा कार्यकम पेश गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यकम

तर्जुमाका कममा गाउँपालिकालाई विभिन्न सल्लाह सुझाव दिनुहुने सम्पुर्ण आमा,बुवा,दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित

हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन,राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको कममा भएका ऐतिहासीक आन्दोलनहरुमा आफ्ना जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण महान शहिदहरुप्रति भावपुर्ण श्रद्धासुमन अर्पण गर्दछु । सुन्दर,समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प,समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका कममा हाम्रा मतदाताहरु प्रती अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आ.व.२०८०/०८१ को नीति तथा कार्यकमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुण्स्तरीय पूर्वाधार निर्माण सहित स्थानीय श्रोतको पहिचान र परिचालन गरि समावेशी समता मुलक दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनीक,नीजिक्षेत्र र समुदायको साझेदारी सहीतको विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापीत गर्ने,स्वच्छ,सफा,सुन्दर,स्वस्थ्य र शिक्षित गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध वस्ती विकासलाई यस नीति तथा कार्यकमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ ।

विश्व व्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सो बाट विश्व आपुर्ती श्रृंख्लामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तिय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्कि लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशिल मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेका दिन २ देखि ३ हजार युवाहरु रोजगारीको शिलशिलामा विदेसीनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ । आन्तिरक तथा वाह्य बसाई सराईका कारण हाम्रो गाउँघरहरु सुनसान बस्तीको रुपमा रुपान्तरित हुन पुगेका छन,उबजाउ र उर्वर खेत,बारीहरु बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुदा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितीमा हामीले हाम्रो अर्थ तन्त्रलाई पुनः पुनर स्थापीत गर्न उत्पादनशील कृर्याकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल,सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु पर्ने छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यकमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशानको अनुभुती जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य रहेको छ,यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था,स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले आवधिक वार्षिक तथा रणनीतिक योजनाहरु बनाई लागु गर्दै जानुपर्ने प्रावधान,राष्ट्रिय योजना आयोगले जारी गरेका स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,पन्ध्रौं आवधिक योजनाको मुलभुत

पक्षहरु,दिगो विकास लक्ष्य २०३० अनुसार विभिन्न चरणको सहभागीतामसलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को बार्षि नीति तथा कार्यकम तयार गरिएको छ ।

पन्धौं योजना,दिगो विकास लक्ष्य २०३० को मार्गचित्र,गाउँपालिकाको आवधिक योजना ,मध्यमकालिन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यकम ल्याइएको छ ।

गुण्स्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु,सर्ब साधारण जनता,उधोगी व्यवसायीहरु,सामाजिक संघ संस्थाहरु तथा विकास साझेद्दारहरुको निरन्तर सहयोग रहदै आएको छ । विकास र शुसानका लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने, आम नागरिकहरुको साथ सहयोग,सुझाव दिने हो भन्ने प्रशासनीक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराई जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेका इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता,पारदर्शिता,गुण्स्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चत गरिने छ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) अद्यावधिक रुपमा अध्ययन गरि छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइने छ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ ।संघं तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्म निर्भरता कायम गर्न प्रयत्न गरिने छ । यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध,समावेशी,स्वच्छ,सुरक्षीत,स्वावलम्वी र सुशासीत समुदाय निमार्ण गर्ने उदेश्य लिएको छ, जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागीताका माध्यमबाट पारदर्शिता र जवाफदेहितालाई जोड दिइनेछ ।

**अब म विषयगत आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

**(क) आर्थिक विकास निती**

- गरिबी न्यूनिकरण गर्न युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई सीपमूलक तथा व्यवसायिक तालीम प्रदान गरिनेछ ।
- राजस्व परिचालनको दायरा फराकिलो बनाई विस्तार गरिनेछ । र राजश्व चुहावटलाई कडाईका साथ रोक्क लगाई मासिक रुपमा बैंक दाखिला गराइनेछ ।
- गाउँपालिकामा औद्योगिक तथा पर्यटकिय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाई आवश्यक प्रोत्साहन दिने नीति लिईनेछ ।

**(ख) सामाजिक विकास तर्फ**

१.शिक्षा निती :-

- गाउँपालिकाको शिक्षा ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- प्रत्येक सामूदायिक विद्यालयलाई पूर्वाधार मैत्री बनाउनको लागि आवश्यकता अनुसार भौतिक संरचना निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च/डेस्क,पंखा,खेल सामग्री तथा अन्य आवश्यक सामग्रीहरुको आपुर्ती कार्यलाई निरन्तरता दिइनेछ ।
- मा.वि.विद्यालयहरुमा क्रमश: विज्ञान प्रयोगशाला स्थापना गरिने कार्यलाई निरन्ता दिइनेछ ।
- सर्व सुलभ शैक्षिक वातावरण निर्माणको लागि बैज्ञानिक आधारमा विद्यार्थी संख्याको अनुपातमा दरबन्दी अनुसारको शिक्षकको व्यवस्थापन नहुनजेल सम्मको लागि गाउँपालिकाको शिक्षा शाखा मार्फत कार्यविधि निर्माण गरि दक्ष स्वयं सेवक शिक्षकहरुको व्यवस्थापन कार्यलाई निरन्तरता दिदै लगिने छ ।
- सक्षम प्राथमिक विद्यालयलाई आधारभूत तथा आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिदै लगिनेछ ।
- दिवा खाजा कार्यक्रमलाई अझ प्रभावकारी बनाई पोषण मैत्री खाजा खुवाउने कार्यलाई कडाईका साथ व्यवहारमा लागु गराइने छ ।
- किशोर किशोरी मैत्री शिक्षाको लागि आधारभुत विद्यालयहरु सँग समन्वय,सहकार्य गरि आवश्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालय बहिर रहेको बालबालिका तथा किशोरीहरुलाई अभियानकै रुपमा विद्यालयमा भर्ना गराइन्तेछ ।
- विद्यालयमा बैज्ञानीक र बालबालिकाको मनोभावना र मनोसमाजिक हिसावले पठन पाठन गराउनका लागि शिक्षक/शिक्षिकाहरुलाई विज्ञहरु मार्फत तालिमको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयका छात्राहरुको लागि नि:शुल्क स्यानीटरी प्याड उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक सुधारका लागि शिक्षा सम्बन्धी गोष्ठि तथा शिक्षकहरुलाई तालिमको व्यवस्था मिलाइनेछ ।
- युवाहरुलाई खेलकुदमा समता मुलक पहुँच गराउन प्रदेश सरकारको सहयोगमा निर्माणधिन रहेका कबर्ड हल,स्टेडीयमको निमार्ण कार्य समयमै सम्पन्न गराउन पहल गरिनेछ ।

**२.स्वास्थ्य क्षेत्र:-**

- यस गाउँपालिकामा लगभग २२ करोडको लागतमा निमार्ण हुन लागेको १५ शैयाको धनकौल आधारभुत अस्पतालको निमार्ण कार्यलाई तिर्वता तथा निरन्तरता दिईनेछ ।

- प्रदेश सरकारको सहयोगमा स्थापना भएको प्रादेशिक जन स्वास्थ्य प्रयोगशालालाई अझ व्यवस्थित गरि सेवा प्रवाह गरिनेछ ।
- मातृ तथा नवशिशु मृत्यु दर कम गर्न तथा दिगो विकास लक्ष्य हासिल गर्न मधेश प्रदेश सरकार सँग समन्वय र सहकार्य गरी बर्थिङ सेन्टरहरुलाई स्ट्रेगथन गरिनेछ ।
- गाउँपालिका भित्रका प्रसुती सेवा केन्द्रहरुबाट लिने प्रसुती सेवाको लागि र खतराका लक्षण देखिएका सम्पुर्ण गर्भवत्ती आमाहरुको लागि बर्थिङ सेन्टर र जिल्ला असपताल सम्मका लागि गाउँपालिका बाट निःशुल्क यातायात सेवा उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।
- सम्पुर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुति गराउने व्यवस्था मिलाइनेछ । साथै गाउँघरमा असुरक्षित प्रसुती गराइने कार्यलाई निरुतसाहित गरिनेछ ।
- भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्ने जनताको अधिकार सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुको संस्थागत सुधार कार्य लाई निरन्तरता दिइनेछ ।
- निस्वार्थ र निःशुल्क सेवा प्रवाह गर्दै आउनु भएका महिला सामुदायिक स्वास्थ्य स्वय. सेविकाहरुलाई प्रदान गरिदै आएको प्रोत्साह भत्तालाई निरन्तरता दिइनेछ ।
- समुदायमा हुने स्वास्थ्य कार्यक्रमको प्रभावकारीता,स्वास्थ्य सूचना प्रवाह तथा छिटो छरीतो कार्य प्रगतीको जानकारी गराउन तथा स्वा.संस्था सँगको निरन्तर सर्म्पक स्थापनाका लागि म.स्वा.स्वय सेवीकाहरुलाई एक/एक थान मैन्युल मोवाइल फोन र सिम कार्ड निःशुल्क उपलब्ध गराइने छ ।
- गर्भवत्ती आमाहरुलाई निःशुल्क रुपमा गा.पा.अध्यक्ष सँग ग्रामीण अल्ट्रा साउण्ड घुम्ती सेवा हाल सेखौना र हरकठवा बर्थिङ सेन्टरबाट सप्ताहिक रुपमा दिदै आएकोमा सो सेवालाई विस्तार गरिदै लगिने छ ।
- जनमानसमा गुण्स्तरीय स्वास्थ्य सेवा पहुँच बढाउनका लागि गा.पा. र मधेश प्रदेश सरकारको सहयोगमा स्वास्थ्यकर्मी व्यवस्थापन गरिनेछ ।
- संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरे अनुसारको स्वा.संस्थाबाट उपलब्ध गराउनु पर्ने ९८ प्रकार औषधिहरुको आपुर्ति व्यवस्थापनमा विशेष जोड दिइनेछ ।
- पोषण मैत्रि पालिका घोषणका लागि पोषण कार्यक्रममा बिशोष जोड दिइनेछ ।
- पोषण मैत्री वडा तथा पालिका घोषणका लागि बहु क्षेत्रिय पोषण कार्यक्रममा पालिका बाट समेत सहकार्य गरि प्रभावकारी कार्यान्वयन गरिने छ ।
- गाउँघर किल्निक/खोप किल्निक/पोषण किल्निक संचालनका लागि आवश्यक पर्ने फर्निचरको यथाशिर्घ व्यवस्थापन गरि सेवा प्रवाह नियमित गरिनेछ ।
- गाउँपालिका अध्यक्ष सँग जेष्ठ नागरिक घरदैलो स्वा.सेवा कार्यक्रम लाई निरन्तरता दिइने छ ।

- पुर्ण खोप घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- क्षयरोग मुक्त गाउँपालिका घोषणका लागि नयाँ कार्यकम बनाई लागु गरिनेछ ।
- सहज सर्ब सुलभ ऐम्बुलेन्स सेवाको उपलब्धतालाई पुर्णता दिइने छ ।
- गाउँपालिका स्तरीय स्वास्थ्य प्रोफाइल तयार गरि समता मुलक पहुँच बढाउने कार्यकम लागु गरिनेछ ।
- स्थानीय सरकार र प्रदेश सरकारको सहयोग र सहकार्यमा मेडिकल अधिकृत सहितको सेवा, एक्सरे सेवा,प्रयोगशाला सेवा कार्यान्वयनमा ल्याइने छ ।
- आधारभुत अस्पताल संचालन नहुनजेल सम्म स्थानीय श्रोत साधनको सहयोग र सहकार्यमा जन शक्ति तथा औषधि व्यवस्थापन गरि इमरजेन्सी सेवा संचालनको लागि पहल गरिनेछ ।
- किशोर किशोरी मैत्रि स्वास्थ्य सेवा प्रवाहका लागि थप स्वा.संस्थामा समेत सेवा विस्तार गरिने छ ।

**३)महिला,बालबालिका तथा जेष्ठ नागरिक**

- महिला हिंसा,बाल हिंसा,बालबालिकालाई गरिने भेदभाव तथा जेष्ठ नागरीक प्रति हुने घृण र दुर दुर छी छी को अबस्था आउन नदिन तथा समानजनक जीवन यापन गर्नका लागि जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिलाहरुको नेतृत्व,क्षमता विकास तथा आय आर्जनका कार्यक्रमहरुलाई निरन्तरता दिदै लगिनेछ ।
- महिलाहरुमाथि हुने विभेद घरेलु हिंसालाई सम्बोधन गर्न न्यायीक समितीलाई अझ प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण सेवा सुविधा लगायतका सबै क्षेत्रमा लक्षित वर्गको सम्मानजनक उपस्थिति गराउने नीति अवलम्बन गरिनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान तथा घरदैलोमा स्वा.सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गहरुको उपचारका लागी आर्थिक सहयोगको कार्यकमलाई निरन्तरता दिइनेछ ।
- अपाङहरुलाई पनि सपाङ व्यक्ति सरहको समता मुलक प्रतिनिधत्व गराउने कार्यको थालिनी गरिनेछ ।

- महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।

## (ग.) संस्कृती तथा पर्यटक नीति

- ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण गर्ने उदेश्यले परम्परागत रुपमा निर्मित मस्जीद, मदरसा, मठ मन्दिरहरुको संरक्षण र संबर्द्धन गरिनेछ।
- धार्मीक अस्था सँग जोडिएको देउता स्थानहरुको संरक्षण तथा सम्बर्द्धन गरिनेछ।

## (घ).खानेपानी तथा सरसफाई :

- मापदण्ड अनुसारको स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईमा जोड दिइनेछ।
- विपन्न परिवारलाई खानेपानीको लागि हैण्डपाइप जडान गरिने कार्यलाई निरन्तरता दिइनेछ।
- WASH कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- खुल्ला दिशा मुक्त क्षेत्र कायम राख्नका लागि जन चेतना मुलक कार्यक्रम संचालन गरिने छ।

## (ङ) पुर्वाधार विकास तर्फ

- धनकौल गाउँपालिकाका मूख्य सडकलाई स्तरोन्नती गरी तथा उक्त सडकमा वृक्षारोपण गरी Green Road बनाउने कार्यको निरन्तरता दिइनेछ।
- यस गाउँपालिका भित्र सडकको पहुँच नपुगेको स्थानहरुमा सडकको पहुँच पुऱ्याइनेछ र हाल सञ्चालनमा रहेका सडकहरुको मर्मत तथा स्तरोन्नति तथा समुचित ढल निकासको नीति अवलम्बन गरिनेछ।
- यस आ.व.देखि सडकको स्तारोनती गर्दा माटो ग्रेवल राख्ने कार्यलाई निरुतसाहित गरि पक्की सडक निमार्णमा जोड दिइनेछ।
- उज्यालो धनकौल कार्यक्रम अर्न्तगत टावर वत्ती/सौर्य बती जडान कार्यलाई निरन्तरता दिइनेछ।
- आम जनताको धनमालको सुरक्षाका लागि छिमेकी न.पा/गा.पा.हरु संग समन्वय, सहकार्य र संयुक्त लगानीमा वारुण यन्त्रको खरिद गरि संचालनमा ल्याउन पहल गरिनेछ।।
- मर्मत संभार कोष स्थापना गरिनेछ।
- गाउँपालिका भित्रका सम्पुर्ण सडकलाई स्तरोन्नती गरिने कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका प्रमुख प्रवेश सडकमा प्रवेश द्वार निर्माण गरिनेछ।

- गाउँपालिका मातहतका सम्पुर्ण स्वास्थ्य चौकी तथा विद्यालयहरुको मर्मत संभार तथा भवन निर्माण पहिलो प्राथमिकतामा राखि कार्यन्वयन गरिनेछ ।
- विद्युतीकरन कार्यलाई जोड दिइनेछ ।
- घरधुरी तथा जग्गाको अभिलेखीकरण कार्य शुरु गरिनेछ ।

**(च) पशु/कृषि तथा सिचाई**

❖ पशु सेवा केन्द्र बाट निःशुल्क पशु स्वा.सेवा प्रवाह सर्व सुलभ रुपले प्रदान गरिने कार्यलाई निरन्तरता दिइने छ ।

❖ बाह्रै महिना पशु स्वा.सेवाको लागि औषधि तथा गाउँपालिका अध्यक्ष सँग घर दैलोमा निःशुल्क पशु स्वा.सेवा कार्यकमको शुभारम्भ गरिने छ ।

❖ माहामारी तथा सरुवा रोग नियन्त्रणका लागि समयमै आवश्यक खोपहरुको व्यवस्था मिलाई कृषकहरुको घर दैलोमा नै खोप सेवा संचालन गरिने कार्यलाई निरन्तरता दिइने छ ।

❖ उन्नतजातको पशु उत्पादनका लागि कृत्रिम गर्भाधान सेवा लाई यसै बर्ष देखि गाउँ टोलमा नै प्राविधिक पठाई न्युनतम दर रेटमा सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

❖ पशुको लागि चाहिने उन्नत जातको हरियो घासको विउ वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

❖ आफ्नो करेशाबारीमा विषादी रहित तरकारी खेतीका लागी पालिकाबाट निःशुल्क तरकारी मिनिकिट वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

❖ कृषिका लागि चाहिने विभिन्न सुक्ष्म तत्व तथा विषादीहरु विपन्न कृष्कहरुलाई निःशुल्क उपलब्ध गराइनेछ ।

❖ सिचाईका लागि बोडिङ टयुवेल जडान कार्यलाई निरन्तरता दिइनेछ ।

❖ खेतवारीमा सर्व सुलभ सिचाईका लागि पोल तथा वायरीङको कार्य थालनी गरिनेछ ।

**<u>(छ) वातावरण तथा विपद व्यवस्थापन तर्फ</u>**

- बाढी प्रभावित क्षेत्रलाई लागि आवश्यक सामग्री खरिद गरी आकस्मिक सेवाको समूचित व्यवस्था मिलाइने उपायहरु अवलम्बन गरिनेछ ।
- दैवि प्रकोप तथा विपद व्यवस्थापन रोक्थामका लागि विशेष जोड दिईनेछ ।
- बजार क्षेत्र र सबै वस्तीहरुमा क्रमशः फोहोरमैला व्यवस्थापनको उचित व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका मुख्य सडकमा बृक्षारोपन गरिनेछ ।
- धुवा रहित गाउापालिकाको नीति अवलम्बन गरिनेछ ।

**(ज) संस्थागत विकास तथा सेवा प्रवाह नीति**

- सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी व्यवस्थापन गरि सम्बन्धित कार्यालयबाट सेवा प्रवाह गरिनेछ ।

- सूचना तथा संचारको प्रभावकारी व्यवस्थापनको लागि स्थानीय एफ्.एम्./पत्र पत्रिकाहरुसँग समन्वय गरी गाउँपालिकाका सूचनाहरुलाई प्रवाह गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका सम्पुर्ण सूचनाहरुमा जनताको पहुँच पुऱ्याउन वेवसाइटलाई समयानुकुल अद्यावधिक गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।

## (झ) वित्तीय व्यवस्थापन र सुशासन नीति

- विगतमा देखिएका जिन्सी सामानहरुको व्यवस्थापकीय समस्यालाई सूधार गर्न PAMS अबलम्बन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतीय माध्यमबाट हुने सुचना प्रविधिको प्रयोगमा जोड दिइदै लागिनेछ ।
- गाउँपालिका र अन्तर्गतका सम्पुर्ण वार्डहरुमा जडान भएका इन्टरनेट प्रयोग गरी पञ्जिकरण, सामाजिक सुरक्षा, दैनिक सिफारिस अनलाइन मार्फत गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिका बाट अनुमोदन भई गाउँ सभाबाट स्विकृति प्राप्त भएको कर,शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्य कडाईका साथ लागु गरिदै लागिनेछ ।
- गाउँपालिकाको आर्थिक कारोबारलाई राष्ट्रिय मापदण्ड अनुरुप लेखाँकन पद्धतिमा राखिनेछ । अन्तिम लेखापरिक्षण र बेरुजु फर्छ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति अबलम्बन गरिदै लगिनेछ ।
- धनकौल गाउँपालिकाको **"समृद्धिको आधार कृषि, शिक्षा, स्वास्थ्य, मानवीय विकास र भौतिक पुर्वाधार"** नारालाई मूल नाराको रुपमा लिई विकास व्यवस्थापन, दिगो विकास र सुशासनको प्रत्याभूति हुने वातावरणको सृजना गरिदै लगिनेछ ।

## (ञ) रोजगार तथा उद्यम विकास सम्बन्धी नीति

**क)** रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्युन्तम रोजगारीको प्रत्याभुती गर्नका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना संचालन गरी श्राम मूलक तथा रोजगारमूलक आयोजना मार्फत समुदायको विकास र रोजगारी सँगै सामाजिक संरक्षणको प्रत्याभुती गरिनेछ ।

**ख)**सक्षम जनशक्तिको विकास तथा आन्तरीक रोजगारीको प्रवर्धन गर्न सूचीकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगार मुलक तालिम संचालन गरिने छ ।

**ग)**रोजगारमुलक कार्यहरुमा अपनत्व कायम गर्दै रोजगारीका थप क्षेत्रहरुको पहिचान तथा विस्तारमा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

घ)गाउँपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगारहरुलाई श्रमिकको रुपमा परिचालन गर्ने आवश्यक व्यवस्था गरिनेछ ।

ङ.)शिप विकासलाई थप गुण्स्तरीय तथा आय मुलक बनाउन प्रभावकारी कार्यान्वयको व्यवस्था मिलाइनेछ ।

## (ट) न्यायीक समिति

क)गरिव,असहाय,पछाडी परेका व्यक्तिहरुको लागि नि:शुल्क कानुनी परामर्श सेवा तथा सहयोग उपलब्ध गराइनेछ ।

ख)प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र सञ्चालनमा ल्याइनेछ ।

ग)न्यायीक समितिबाट भए गरेका निर्णय तथा मेलमिलाप भएका विवादहरु कडाईका साथ कार्यान्वयनमाा ल्याइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु**

**अव म आ.व.०८०/०८१ को आय र व्यय प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

आर्थिक बर्ष २०८०/०८१ को आय व्यय विवरण

तपसिल **रु. हजारमा**

| धनकौल गाउँपालिका | | | | | | | गाउँ सभामा पेश भएको मिति २०८०/०३/१० गते | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | आन्तरीक श्रोत्त(क) | राज्श्व वाडफाड बाट प्राप्त हुने रकम(ख) | वित्तिय समानिकरण अनुदान(ग) | सर्सत अनुदमा (घ) | विशेष र समपुरक अनुदान (ङ) | आन्तरीक श्रृण(च) | कुल बजेट (क देखि च सम्मको जोड) | खर्च प्रस्ताव रु.हजारमा | |
| | | | | | | | | चालु | पुजिगत |
| संघ | | ७८८४० | ९११०० | १२२४०० | | | २९२३४० | १९००२१.०० | १०२३१९.०० |
| प्रदेश | | २५०० | ६३७४ | | ५००० | | १३८७४ | ९०१८.१० | ४८५५.९० |
| स्थानिय तह | १२००० | ४००० | | | | | १६००० | १०४००.०० | ५६००.०० |
| कुल जम्मा | १२००० | ८५३४० | ९७४७४ | १२२४०० | ५००० | | ३२२२१४ | २०९४३९.१० | ११२७७४.९० |

उल्लेखित नीति कार्यान्वयन गर्ने आवश्यक पर्ने कार्यविधिहरु आ.व. ०८०/०८१ भित्रै स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

उल्लेखित नीति तथा कार्यकमहरु धनकौल गाउँपालिका मात्रैको प्रयासले मात्र कार्यान्वयन हुन सक्दैन यसका लागी संघ, प्रदेश सरकारको आड र भरोसा, विकास साझेदारीहरुको सहकार्य, सबै तहका जनप्रतिनिधिहरु, सबै राजनीतिक दल, उद्योगी व्यव्सायी, विभिन्न सरकारी, गैर सरकारी निकाय संघ संसथा, सामाजिक अभियन्ता, निर्माण व्यवसायी लगायत सम्पूर्ण गाउँबासी आमा, बाबु ,दाजुभाई ,दिदि बहिनीहरुको साथ सहयोग र सकियता, खबरदारी अनि रचनात्मक आलोचना समेत प्राप्त भएमा मात्र

कार्यन्वयन सफल हुने हुदाँ यस अवसरमा त्यस प्रकारको सहयोगका लागि विनम्रतापूर्वक अनुरोध गर्दै प्रस्तुत नीति कार्यक्रम तैयार गर्न सहयोग गर्ने सम्पुर्ण जनप्रतिनिधि कर्मचारीहरु लगायत सम्पुर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

मिति:२०८० अषाढ १० गते

**राम आश्रय साह**

गाउँपालिका अध्यक्ष